# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति :२०७६/०३/०५

पत्र संख्या : २०७५/०७६
चलानी नम्बर :..........

## प्रधानाध्यापक पदको लागि दरखास्त पेश गर्ने सम्बन्धी म्याद थप गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मिति :– २०७६।०३।०५)

आठविसकोट नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको पेशागत क्षमता अभिवृद्धि गरी तथा गराई पेशाप्रति इमान्दार, कर्तव्यनिष्ठ र जवाफदेही तुल्याउन आम अभिभावकहरुलाई आफ्ना बालबालिका तथा विद्यालयप्रतिको चासो, सरोकार र जिम्मेवारी वहनको अवस्थालाई प्रभावकारी बनाई सामुदायिक विद्यालयप्रतिको भरोसा र विश्वसनियता अभिवृद्धि गर्न र भविष्यका कर्णाधार कलिला बालबालिकाहरुलाई गुणस्तरिय, जीवन उपयोगी, सिपमा आधारित, व्यवसायिक तथा सीपमूलक र प्रविधिमैत्री व्यवहारिक शिक्षा प्रदान गरी उज्वल भविष्य सुनिश्चित गर्न विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, विद्यार्थी र नीतिगत तथा नियमनकारी निकाय सबैलाई जागृत तुल्याउने शैक्षिक पुनर्जागरण अभियान घोषणा भईसकेको छ । शैक्षिक पुनर्जागरण अभियानको सफल कार्यान्वयनको लागि प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्ने प्रधानाध्यापकसँग व्यवस्थापकीय र नेतृत्वदायिक क्षमता हुनु जरुरी हुन्छ । व्यवस्थापकीय र नेतृत्वदायिक क्षमता भएको योग्य प्रधानाध्यापकहरुको छनौट गरी सामुदायिक विद्यालयहरुको गति गुणात्मक ढङ्गले अगाडी बढाई आठविसकोट नगरपालिकालाई समृद्धिको बाटोमा हिडाउन नगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा तपसिल बमोजिम प्रधानाध्यापक छनौट गरी नियुक्ति गर्नुपर्ने भएकोले प्रधानाध्यापक हुन इच्छुक र योग्य कार्यरत शिक्षकहरुले प्रधानाध्यापक पदमा दरखास्त पेश गर्नुहुन आठविसकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम ५०

रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


**मिति :**२०७६/०३/०५

**पत्र संख्या :** २०७५/०७६
**चलानी नम्बर :**.........

को उपनियम (२) अनुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

<u>तपसिल</u>

१. प्रधानाध्यापकमा नियुक्त हुन आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, संघीय शिक्षा ऐन तथा सो ऐन अन्तर्गत बनेको नियम एवम् आठविसकोट नगर शिक्षा ऐन तथा सो ऐन अन्तर्गत बनेको नियम बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको हुनुपर्नेछ ।

२. दरखास्तका साथ शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कलै प्रति र सोको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए सोको समकक्षी प्रमाणपत्रको सक्कलै र सोको प्रतिलिपि, शिक्षक नियुक्तिपत्रको प्रतिलिपि, यस अघि प्रधानाध्यापक पदमा काम गरेको भए सोको नियुक्तिपत्र र सम्पादन गरेका मुख्य मुख्य कार्यहरुको विवरण, विद्यालय व्यवस्थापन समितिको सिफारिस, आठविसकोट नगर शिक्षा नियमावली, २०७४ को अनुसूची–११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव पेश गर्नुपर्नेछ ।

३. दरखास्त पेश गर्ने अन्तिम मिति : २०७६ साल असार १२ गतेसम्म कार्यालय समयभित्र ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति :२०७६/०३/०५

पत्र संख्या : २०७५/०७६
चलानी नम्बर :..........

४. प्राप्त दरखास्तहरुको छानविन गरी प्रधानाध्यापक हुन योग्य व्यक्तिहरुलाई निर्णयार्थ नगर कार्यपालिकामा पेश गरिनेछ । नगर कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले बढिमा पाँच वर्षको लागि प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

५. विद्यालय विकासको प्रस्तावको आधारमा प्रधानाध्यापक नियुक्ति पूर्व प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा शिक्षा अधिकृतसँग तोकिएको ढाँचामा पञ्चवर्षिय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

६. तोकिएको अवधिभित्र दरखास्त पेश नगरेमा नगर कार्यपालिकाले विद्यालयमा कार्यरत जुनसुकै शिक्षकलाई योग्यता र क्षमताको मूल्यांकन गरी प्रधानाध्यापक पदमा नियुक्तिको लागि निर्णय गर्नेछ ।

७. उल्लेखित प्रक्रिया बाहेक अन्य तरिकाबाट यस अघि नियुक्त भएका एवम् पछि नियुक्त हुने प्रधानाध्यापकहरुको नियुक्ति स्वतः रद्द गरिनेछ । नगर कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले यसै सूचना बमोजिम नियुक्त नभएका प्रधानाध्यापकहरुको नामबाट खोलिएका खाता एवम् प्रधानाध्यापकको रुपमा त्यस्ता व्यक्तिहरुबाट भए गरेका कार्यहरु स्वतः बदर गर्नेछ।

८. थप जानकारीको लागि आठविसकोट नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखामा सम्पर्क गर्न सकिनेछ वा मोवाइल नं. ९७४१३८९९६१, ९७४८५८३१३८ मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत